## ११. पूर्वादेश/सार्वजनिक परिपत्र

**१. पूर्वादेश भनेको के हो ?**

*कुनै व्यक्तिले मू.अ.कर ऐन लागू हुने अवस्था बारे कुनै द्विविधा निराकरणका लागि विभागसमक्ष लिखित रुपमा निवेदन दिएमा विभागले सो व्यक्तिलाई विभागको धारणा लिखित रुपमा सूचित गर्ने विभागीय धारणा नै पूर्वादेश हो ।*

**२. पूर्वादेश कहाँबाट पाइन्छ ?**

*आन्तरिक राजस्व विभागको महानिर्देशकबाट ।*

**३. पूर्वादेश लिने प्रक्रिया के हो ?**

*पूर्वादेश माग गर्न विभाग समक्ष निवेदन दिनु पर्दछ । यस प्रयोजनका लागि निवेदनको ढाँचा तोकिएको छ । पूर्वादेश माग गर्न सम्बद्ध विषयको पूर्ण र यथार्थ विवरण विभागलाई उपलब्ध गराउनु पर्दछ ।*

**४. मैले जस्तै समस्या भोगेको अर्को करदाताले पाएको पूर्वादेश मेरो सम्बन्धमा पनि लागू गर्न सकिन्छ ?**

*सकिदैन ।*

**५. के जुनसुकै विषयमा पनि पूर्वादेश प्राप्त गर्न सकिन्छ ?**

*ऐनको कार्यान्वयनका सम्बन्धमा देखापरेको कुनै द्विविधा सम्बन्धी विषय अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भई सकेको अवस्थामा बाहेक आफूलाई परेको द्विविधा बारेमा पूर्वादेशका लागि आवेदन गर्न सकिन्छ ।*

**६. के कुनै काल्पनिक विषयमा विभागको राय जान्न पूर्वादेश माग गर्न सकिन्छ ?**

*कुनै काल्पनिक विषयमा विभागको राय जान्न पूर्वादेश माग गर्न सकिदैन । पूर्वादेशको विषयवस्तु निवेदकको कारोबारको यथार्थ अवस्थासँग सम्बन्धित भै कानूनी द्विविधा परेको हुनुपर्छ ।*

**७. पूर्वादेश पाउन कुनै धरौटी वा दस्तुर बुझाउनु पर्दछ ?**

*पूर्वादेश माग गर्न कुनै धरौटी वा दस्तुर बुझाउनु पर्दैन ।*

**८. पूर्वादेश बाध्यकारी आदेश हो ? हो भने यो कसका लागि बाध्यकारी हो ?**

*पूर्वादेश माग गर्ने निवेदक र कार्यान्वयन गर्ने कर प्रशासनका लागि मात्र पूर्वादेश बहाल रहेसम्म उक्त आदेश बाध्यकारी हुन्छ, अन्यलाई बाध्यकारी हुँदैन । पूर्वादेशसंग सम्बद्ध विषयको पूर्ण यथार्थ विवरण विभाग समक्ष प्रस्तुत गरेको र पूर्वादेश माग गरिएको निवेदनमा उल्लिखित बुंदा अनुरुपको प्रबन्ध भएको व्यक्तिको हकमा आन्तरिक राजस्व विभाग यस्तो पूर्वादेश मान्न बाध्य छ । पूर्वादेश जारी गरिएको व्यक्तिको हकमा सार्वजनिक परिपत्रभन्दा पूर्वादेशले यस्तो व्यक्तिका लागि प्राथमिकता पाउँछ ।*

**९. पूर्वादेशको पालना कस कसले गर्नु पर्दछ ?**

*कर प्रशासन र निवेदक दुवैले यो आदेशको पालना गर्नु पर्दछ ।*